# बैठक नं. ८१

आज मिति २०७७ असोज १८ गते आईतबार दिनको ५:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री सीता परियार | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

चालु आ.व.२०७७/०७८ को योजना संचालनको हकमा नगरसभाबाट परित भई सकेका सम्पूर्ण वडा स्तरिय योजनाहरु चालु आ.व.को मंसिर मसान्त सम्ममा योजना सम्झौता गरी योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.२

यस कीर्तिपुर नगरपालिकाको सातौं नगरसभाको निर्णयानुसार यस नगर क्षेत्रका पुराना घर नक्सा अभिलेखीकरण तथा नियमित गर्नका लागि पुराना घर नक्सा अभिलेखिकरण कार्यविधि बनाई अभिलेखिकरणको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.३

विश्व महामारीका रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रणका लागि यस नगरपालिकाद्वारा संचालन गरिरहेको PCR ल्याब संचालनका लागि अनुसूची-१ बमोजिमका औषधीजन्य सामाग्रीहरुको खरिदलाई समर्थन गर्ने निर्णय गरियो।

निर्णय नं.४

कीर्तिपुर नगरपालिका वडा नं. ५ निवासी श्री शिवहरी थापा, वर्ष ५४ को विगत केही समय देखि क्यान्सर रोग भएकोले सो रोगको उपचारका लागि आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण खुलाई आर्थिक सहयोगका लागि आवश्यक कागजातसहित निवेदन पेश गरेको हुदाँ श्री शिवहरी थापालाई निजको उपचार खर्च बापत रू. २५,०००।–(अक्षरेपीः- रु. पच्चीस हजार मात्र) अन्य सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.५

कीर्तिपुर नगरपालिका वडा नं. १० निवासी श्री सर्मिला जोशी ( श्रेष्ठ) का बुबा श्री गोपाल श्रेष्ठ, वर्ष ६० को विगत केही समय देखि ब्रेन ट्युमर रोगबाट पिडित भएकोले सो रोगको उपचारार्थ टाउकोको अपरेसन गर्नुपर्ने भएकोले सोका लागि आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण खुलाई आर्थिक सहयोगका लागि आवश्यक कागजातसहित निवेदन पेश गरेको हुदाँ श्री सर्मिला जोशी (श्रेष्ठ) लाई निजको बुबा श्री गोपाल श्रेष्ठको उपचार खर्च बापत रू. २५,०००।–(अक्षरेपीः- रु. पच्चीस हजार मात्र) अन्य सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.६</u>**

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,२०७४ र प्रदेश सँस्था दर्ता सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ५ ले दिएको अधिकारको अधिनमा रही यस कीर्तिपुर नगरपालिका क्षेत्रभित्र संविधान, ऐन, कानुन अनुकुल हुने गरी कार्य गर्नका लागि संघ संस्था दर्ता गर्नुपर्ने भएकोले " **कीर्तिपुर नगरपालिकाको संस्था दर्ता कार्यविधि,२०७७** " उपर छलफल गरी पारित गर्ने निर्णय गरियो ।

अनुसूची-१

आकस्मीक बजार खरिद गरिएका सामानहरु

२०७७/०६/१२ मा

| Particular | Quantity | Price(Rs.) | Total Amount |
|---|---|---|---|
| RT PCR Kit | 384 | 800 | 307,200.00 |
| RNA Extraction Kit | 292 | 180 | 52,560.00 |
| VTM Kit | 720 | 110 | 79,200.00 |
| Total Amount | | | 438,960.00 |

२०७७/०६/१९ मा

| Particular | Quantity | Price | Total Amount |
|---|---|---|---|
| RT PCR Kit | 192 | 800 | 153,600.00 |
| RNA Extraction Kit | 292 | 180 | 52,560.00 |
| PCR Strip 0.1 ml | 1Pkt | 125 | 9,800.00 |
| Total Amount | | | 215,960.00 |

| | | | |
|---|---|---|---|
| PPE scrub Reusable | 50 set | 1500 | 75,000.00 |